फोन नं: ०८९-४३००७६
Email: dgao.jajarkot@ag.gov.np, Web: www.ag.gov.np

# जिल्ला सरकारी वकील कार्यालय

## जाजरकोट

(प्रशासन शाखा)

जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

पत्र संख्या:२०८२।०८३
चलानी नं. ४०६

मिति: २०८२।१०।२६

विषयः सरकारी वकील र अनुसन्धान अधिकृत बीचको वैठकको निर्णयको प्रतिलिपी पठाएको सम्बन्धमा।

श्री जिल्ला प्रहरी कार्यालय, जाजरकोट।
श्री डिभिजन वन कार्यालय, जाजरकोट।

उपर्युक्त सम्बन्धमा अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मिति २०८२।१०।२६ गते सम्पन्न वैठकको निर्णयको प्रतिलिपी पाना तीन यसै पत्र साथ संलग्न गरी पठाइएको छ।

२०८२।१०।२६
(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थ
श्री महान्यायाधिवक्ताको कार्यालय, योजना, अनुसन्धान तथा अनुगमन विभाग ।
श्री उच्च सरकारी वकील कार्यालय, सुर्खेत ।

## बैठक नं. ३२

मितिः २०८२।१०।२६ गते सोमबार जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

**सरकारी वकील**

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

**प्रहरी अनुसन्धान अधिकृत**

प्रहरी नायव उपरीक्षक श्री बसन्तकुमार शर्मा, कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी निरीक्षक श्री एक्कबहादुर नेपाली, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

**वन अनुसन्धान अधिकृत**

डिभिजनल वन अधिकृत श्री दिपेश के.सी., डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री तारासिंह भुल, भेरी सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री तुफान गौतम, बारेकोट सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री अखिलेश यादव, जुनीचाँदे सव डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री सेजल वर्मा, डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री सन्तोष श्रेष्ठ, नलगाड सव डिभिजन वन कार्यालय, जाजरकोट

सहायक वन अधिकृत श्री नवराज बुढा, डिभिजन वन कार्यालय, जाजरकोट

**सहायक कर्मचारी**

नायव सुब्बा श्री गोविन्द वि.क., जिसवका जाजरकोट

नायव सुब्बा श्री गणेशबहादुर घर्ति, जिसवका जाजरकोट

छलफलका विषयहरू:

१) मिति २०८२।०९।२३ मा सम्पन्न जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।

२) सरकारी वकीलको निर्देशन कार्यान्वयन सम्बन्धमा ।

३) कल डिटेल रिपोर्ट र कल डिटेल लोकेशनको विश्लेषण गरी मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

४) घटनास्थल मुचुल्का र सडक दुर्घटना प्रतिवेदनको रेखा चित्रको विश्लेषण सहित वारदात स्थल र बरामद साम्राग्रीको फोटोको विवरण सहित समावेश गर्ने ।

५) जटिल मुद्दाको विषयमा जाहेरी दर्ता भएदेखि नै निरन्तर छलफल गर्ने सम्बन्धमा ।

६) पीडित, जाहेरवाला र सरोकारवालाहरुसँग जिल्ला प्रहरी कार्यालय जाजरकोटले छलफल गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

निर्णय नं १) विषय नं १ का सम्बन्धमा छलफल गर्दा जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिबाट मिति २०८२।०९।२३ गते भएका निर्णयहरुको अनुसन्धान गर्ने निकायले कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २) विषय नं २ का सम्बन्धमा छलफल गर्दा सरकारी वकीलले मुद्दाको प्रभावकारी अनुसन्धान र अभियोजन गर्न अनुसन्धान अधिकृतलाई दिएका निर्देशनहरूको कार्यान्वयन गर्ने । कुनै द्बविधा भए निर्देशन दिने सरकारी वकीलसँग थप स्पष्ट हुने । दिइएका निर्देशनहरूको छुट्टै फाईल खडा गरी सम्बन्धित अनुसन्धान गर्ने निकायले राख्ने । जिल्ला प्रहरी कार्यालय जाजरकोट र डिभिजन वन कार्यालय जाजरकोटले अनुसन्धान अधिकृत र अनुसन्धान सहायकलाई अनुसन्धानको सिलसिलामा दिएका निर्देशनहरुको जानकारी गराउने। अनुसन्धान गर्ने निकायले त्यस्तै प्रकृतिका अन्य मुद्दाहरु र अनुसन्धानको सन्दर्भमा सान्दर्भिक अन्य मुद्दाहरुमा समेत अनुसन्धानलाई प्रभावकारी बनाउन ती निर्देशनहरुको अनुसरण गर्ने तथा सरकारी वकीलबाट दिइएका निर्देशनहरुको छुट्टै रेकर्ड फाईल तयार गरी राख्ने निर्णय गरियो।

निर्णय नं ३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा मिसिलमा संलग्न गर्नुपर्ने कल डिटेल रिपोर्ट र कल डिटेल लोकेशनको विस्तृत रुपमा अनुसन्धान अधिकृतले विश्लेषण गरी मिसिलमा संलग्न गर्ने । कल डिटेल रिपोर्टका लागि माग गरिएका टेलिफोन नम्बरहरु कुन व्यक्तिका नाममा दर्ता छन् । उक्त विवरणहरु पनि सम्बन्धित निकायबाट माग गरी मिसिल संलग्न गर्ने । उक्त टेलिफोन नम्बरहरु कसले चलाउँछन् । टेलिफोन जसको नाममा दर्ता छ । त्यो व्यक्ति बाहेक अरुले टेलिफोन नम्बर चलाउने भए त्यो विषय समेत उल्लेख गरी मिसिल संलग्न गर्ने। आवश्यकता अनुसार कल डिटेल रिपोर्टमा

२०८२।१०।२६

कसूरसँग सम्बन्धका विषयमा सम्पर्क भएका टेलिफोन नम्बरहरुको सम्बन्धित व्यक्तिबाट सनाखत समेत गराई मिसिलमा संलग्न गर्ने निर्णय गरियो।

निर्णय नं ४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा घटनास्थल मुचुल्का र सडक दुर्घटना प्रतिवेदनको रेखा चित्रको तयार गर्ने कर्मचारीले विस्तृत रुपमा विश्लेषण गरी मिसिल संलग्न गर्ने । बरामद गरिएका सामाग्रीहरु, घटनास्थल र सडक दुर्घटनास्थलको विभिन्न कोणबाट फोटो खिची फोटो खिचिएको मिति, फोटो खिच्ने व्यक्तिको नाम र फोटोको विवरण सहित मिसिल संलग्न गर्ने निर्णय गरियो।

निर्णय नं ५) विषय नं ५ का सम्बन्धमा छलफल गर्दा आर्थिक अपराध, संगठित अपराध, बालबालिका, महिला र फरक शारीरिक क्षमता भएका अपाङ्ग व्यक्ति पीडित भएका, गम्भीर, जघन्य र जटिल मुद्दाहरूमा जाहेरी दरखास्त परेदेखि नै सरकारी वकील र अनुसन्धान अधिकृतबीच निरन्तर छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ६) विषय नं ६ का सम्बन्धमा छलफल गर्दा पीडित, जाहेरवाला र सरोकारवालाहरुसँग जिल्ला प्रहरी कार्यालय जाजरकोटले मुद्दाको काम कारबाही विषयमा जानकारी दिन र पीडितले क्षतिपूर्ति पाउने विषयमा सरकारी वकीलसँग समन्वय गरी जिल्ला प्रहरी कार्यालय जाजरकोटले छलफल गर्ने निर्णय गरियो।

२०८२।१०।२६